**नेले ढल निकास नाली निर्माण तथा फोहोरपानी व्यवस्थापन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०८३/०६/०५**

कोशी प्रदेश, सोलुखुम्बु जिल्ला थुलुङ दुधकोशी गाउँपालिका वडा नं. १ नेले बजारमा भौतिक पूर्वाधार विकास मन्त्रालय, पूर्वाधार विकास निर्देशनालय, पूर्वाधार विकास कार्यालय, सोलुखुम्बुद्वारा प्रस्तावित निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः भौतिक पूर्वधार विकास मन्त्रालय<br>पूर्वाधार विकास निर्देशनालय<br>पूर्वाधार विकास कार्यालय, सोलुखुम्बु<br>सम्पर्क नम्बरः ९८५२८२२४९९<br>इमेलः idosolukhumbu@gmail.com |
| प्रस्तावको व्यहोरा | प्रस्तावित आयोजनाले थुलुङ दुधकोशी गाउँपालिका वडा नं. १ नेले बजारलाई समेटेको छ। प्रस्तावित आयोजनाले आयोजना क्षेत्रका घरधुरीबाट निस्किने पानी, शौचालयबाट निष्किने फोहोर पानीका साथै आकाशे पानीलाई सङ्कलन गरि उक्त फोहर पानीलाई प्रशोधन गरि अन्तिम विसर्जन गर्ने योजना राखेको छ। यस्ता प्रकारका आयोजनाले सामान्यतयाः बर्षातको पानी, सार्वजनिक स्थल, व्यक्तिगत घर तथा शौचालय, व्यवसायिक स्थल आदिबाट निस्किने फोहर पानीलाई सङ्कलन गरेर अन्तमा प्रशोधन गरि विसर्जन गरिन्छ। प्रस्तावित आयोजनामा मुख्य गरि ढल (Sewer Line), मेनहोल र सिवर इन्लेट चेम्बर (Manhole and Sewer Inlet Chamber), ओभर फ्लो स्ट्रकचर (Overflow Structure) र फोहोर पानी प्रशोधन प्लान्ट (Waste Water Treatment Plant) रहेका छन्। यस आयोजनाको service area कुल २०.८९ हे. क्षेत्रफल रहेको छ। यस ढलको कुल लम्बाइ १.१७३ कि.मि. रहेको छ। |
| प्रभाव पर्ने गा.पा. | थुलुङ दुधकोशी गाउँपालिका वडा नं. १ नेले बजार |

उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक-आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना

कार्यालय प्रमुख

प्रकाशन भएको मितिले दश दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझावहरु उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना: | नाम: भौतिक पूर्वधार विकास मन्त्रालय<br>पूर्वाधार विकास निर्देशनालय<br>पूर्वाधार विकास कार्यालय, सोलुखुम्बु<br>सम्पर्क नम्बर: ९८५२८२२४९९<br>इमेल: idosolukhumbu@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना: | नाम: सिग्मा इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.<br>ठेगाना: बबरमहल, काठमाडौं, नेपाल<br>इमेल: sigmaengineering.info@gmail.com<br>फोन नं: ९८५११८५१४५ |

नेपाल सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय
सोलुखुम्बु नेपाल

कार्यालय प्रमुख
(व.सि.डि.ई.)